नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ११ २०७८ साल साउन १४ गते बिहीबार (29 July 2021 Thursday) मूल्य रु. ५/-

**पत्रकार आचारसंहिताको पालना गरौं**

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलामा मधुश्रावणी ... ३ पृष्ठमा : स्वास्थ्य मापदण्ड पालनासहित ... ३ पृष्ठमा :चौथो वेभ आएको दक्षिण...

# बस पार्क निर्माण कार्यको समय अवधी सकियो, ५० प्रतिशत मात्र काम सम्पन्न



*तस्बिर : राजविराज दैनिक*




*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

लामो समयदेखी राजविराज नगरवासीको चाहना र सपनाको रुपमा रहेको व्यवस्थित बस पार्क निर्माण कम्पनिको ढिलासुस्ति तथा सरोकारवालाको उदासिनताका कारण पूरा हुन सकेको छैन् ।

राजविराज बस पार्क निर्माणका लागि ठेक्का पाएका कम्पनीले समयमै निर्माण कार्य सम्पन्न नगर्दा बस पार्क निर्माण कार्य अन्यौलमा समेत परेको छ ।
निर्माण कार्यको समय अवधी समाप्त भएको सात महिना बितिसक्दा राजदेवी मन्दिर नजिकै ४ कठ्ठा जग्गामा निर्माण कार्य अन्यौलमा परेको हो ।

सहरी विकास मन्त्रालयबाट १६ करोड ३८ लाख ९६ हजार ५ सय १९ रुँपैयामा काम गर्ने ठेक्का पाएको काठमाडौंको कुलेश्वरस्थित सिनर्जी विल्डर्स प्रालीले उक्त बस पार्क निर्माणका लागि २०७४ पुस १६ गते सम्झौता गरेको थियो ।

निर्माण कम्पनीले २०७७ साल पुस १८ गते भित्र बस पार्क निर्माण गरिसक्नु पर्ने तर, सुस्त गतिमा काम गर्दा म्याद सकिएको सात महिना भन्दा बढी भइसक्दा पनि ५० प्रतिशत काम मात्र भएको छ ।

निर्माण कम्पनीले कहिले कोरोनाको बहना, निर्माण सामाग्रिहको अभाव तथा मन्त्रालयबाट समयमै रकम निकासा नपाएको भन्दै निर्माण कार्यप्रति आलटाल गरिरहेको स्थानियहरु बताउँछन् ।

राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले विभिन्न कारणले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेका ठेकेदार कम्पनिलाई पटक पटक सचेत गराइएको जानकारी दिँदै अब पनि ढिलाई गरे ठेक्का रद्द प्रक्रियासम्म अघि बढाउन पहल गर्ने बताए ।

यता राजविराजको रुपनी सडक, गजेन्द्र चौक, नेता चौक, कुनौली मोड, राम मन्दिर मोड र सखडा रोड लगायतका स्थानबाट अहिले लामो तथा छोटो दुरीको सवारी साधन संचालनमा आउँदै गरेको छ । सडकलाई नै बस पार्क बनाइएको छ भने अर्कोतिर स्वास्थ्यमा गम्भिर असर पुऱ्याउनुका साथै नगरको सौन्द्रर्यता पनि गुम्दै गएको भन्दै नगरवासीले अविलम्ब यसतर्फ सम्बन्धीत निकायले पहल गर्नुपर्ने माग गरेका छन् ।

# पिसिआर परीक्षण पुनः सूचारु

**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

राजविराजस्थित गजेन्द्रनारायण सिँह अस्पतालमा पिसिआर परीक्षण बुधबारदेखि पुनः सञ्चालनमा आएको छ ।

पिसिआर मेसिनमा प्राविधिक गडबडी आएपछि मंगलबार एक दिन बन्द रहेको तर, बुधबार देखी पुनः संचालनमा आएको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा रणजीतकुमार झाले जानकारी दिएका छन् ।

यसअघि कोरोन सङ्क्रमणका कारण सप्तरीमा एक महिलाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालयका अनुसार खडक नगरपालिकाकी ४७ वर्षीया महिलाको मृत्यु भएको हो ।

गत असार ३१ गते सङ्क्रमण देखिएको उहाँको हेटौंडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियालाल यादवले जानकारी दिए । योसँगै सप्तरीमा कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १ सय ५६ पुगेको छ ।

# दुई हजार चार सय चल्ला बरामदपछि नष्ट




**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

भारतबाट भन्सार छलेर चोरी पैठारी गरि भित्रयाइएका २ हजार भन्दा बढी ब्रोइलर कुखुराका चल्ला प्रहरीले बरामद गरेको छ ।

मंगलबार राती खडक नगरपालिका ७ स्थित भारतीय सीमा क्षेत्रबाट भन्सार छलेर भित्रयाइएका २ हजार ४ सय थान चल्ला बरामद गरेको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ ।

बरामद गरिएको चल्ला प्रहरीले बुधबार नष्ट गरेको कल्याणपुरका प्रहरी निरिक्षक उमाशंकर साहले जानकारी दिएका छन् । जनप्रतिनिधि तथा पशु क्वारेन्टाइनका प्रतिनिधिको रोहबरमा खाल्डो खनेर चल्ला नष्ट गरिएको उनले बताए ।

गस्तिमा खटेको प्रहरी टोलीलाई देखेर अवैध रुपमा चल्ला ल्याउने व्यक्ति भने फरार भएको प्रहरीले जनाएको छ ।




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## सम्पादकीय

# भ्याक्सिनका साथै स्वास्थ्य मापदण्ड पनि आवश्यक

कोरोनाको तेश्रो लहर सुरु हुनै लागेको अवस्थामा मुलुकभर अहिले पुनः कोरोना संक्रमितहरु बढिरहेको छ । विगतका केही दिनदेखी संक्रमितको संख्या घट्दै गएपनि हाल पुनः बृद्धि हुँदै गएपछि संक्रमण फैलिरहेकोप्रति सबै सचेत हुनु आवश्यक छ ।

अहिले सरकारले महामारी नियन्त्रण तथा रोकथामका लागि कोरोना बिरुद्धको भ्याक्सिन लगाउने अभियान नै सुरुवात गरेको छ । विगतमा भारतबाट सहयोग प्राप्त कोभिशिल्ड, त्यसपछि चाइनिज भ्याक्सिन भेरोशिल्ड र अहिले अमेरिकन भ्याक्सिन जानसन लगाइदै छ । भारतीय र चँइनिज भ्याक्सिन दुई डोजको थियो भने अमेरिकन भ्याक्सिन एक डोज लिए पुग्ने छ । यसरी सम्पूर्ण नेपालीलाई भ्याक्सिन लगाउने सरकारको तयारी रहेको छ । भ्याक्सिन लगाउनाले कोरोनाको जोखिमबाट केही राहत हुने चिकित्सकहरुको दाबी छ ।

यसरी दिनप्रतिदिन महामारी बढ्दै गएर मुलुक आक्रान्त बनेको बेला भ्याक्सिन लगाउनु साथै सबैले स्वास्थ्य मापदण्ड अपनाउनु पनि अति आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिलामा मधुश्रावणी पर्व प्रारम्भ

महोत्तरी, १३ साउन (रासस) ।

महोत्तरीसहितका मिथिला क्षेत्रमा नवविवाहित मिथिलानी ( मिथिलाका नारी) बुधबार मधुश्रावणी पर्व शुरु गर्दैछन् । नवविवाहिता मिथिलानी यो पर्व १३ दिनसम्म मनाउन अहिले माइत पुगेका छन् । साउन कृष्ण पञ्चमीका दिन शुरु भई साउन शुक्ल तृतीयाका दिन सम्पन्न गरिने यस पर्व मिथिलानीका लागि हासपरिहास र मनोरञ्जनको माध्यम पनि बन्दै आएको छ ।

मिथिलाका प्रत्येकजसो बस्ती अहिले मधुश्रावणीको रङमा जोडिँदा छन् । यो पर्व बर्तालु र उनका सखीको वस्त्र परिधानको सजधज, सामूहिक प्रणयगान र 'फूललोढी' (फूल खोज्ने) विधिले सबैको ध्यान खिच्ने बनेको छ । शिव, पार्वती ( गौरी) र 'विषहरा' (नागदेवता) को आराधना गरिने यस पर्वमा भोलिपल्टको पूजाअर्चनाका लागि एक दिनअघिको सन्ध्याकालमा सामूहिकरूपमा फूल खोज्न निस्कने विधिलाई 'फूललोढी' भन्ने गरिएको छ । पर्वमा भगवान शङ्कर र देवी गौरीलाई बासी फूल चढाउने चलन छ ।

"सूर्यास्त हुनपूर्वको बेलामा प्रणयगान गाउँदै विशेष वस्त्र परिधानमा सजिएका नवयौवना जब फूल खोज्ने विधिका लागि निस्कन्छन्, स्वाभाविकरूपमा वरपर हुने सबैको ध्यान त्यसतर्फ खिचिन्छ", महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका साहित्य विषयका उपप्राध्यापक ध्रुव राय भन्नुहुन्छ, "भर्खरै विवाहित जोडीको प्रणय सम्बन्ध प्रगाढ बनाउने कामनाभित्रको 'फूललोढी' विधिमा निस्केका मिथिलानीको त्यही विषय भाव समेटिएका गीतले आफ्ना सबै गुमाएको वा छोडेकालाई पनि रोमाञ्चित गराउँछ ।" आमरूपमा प्रगाढ प्रणय सम्बन्धको अपिलमा सामाजिक शिष्टता नाघिने शब्द हुनसक्ने अड्कल यहाँ नअटाउने राय बताउनुहुन्छ । "गीतका शब्द र भावले शिष्टता नाघेको भान हुँदैन", रायले अगाडि भन्नुभयो, "गीत बर्तालुको प्रणय सम्बन्ध प्रगाढ होस् भन्ने भावमा सलल बगेको हुन्छ, जो अत्यन्त कर्णप्रिय लाग्दछ ।"

वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ । वनमा रमाउने मयुर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् । यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मकरूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको मिथिला संस्कृतिका जानकार बताउँछन् । त्यसैले यो पर्व नवविवाहिताका लागि खास हुने गरेको छ । समूहमा 'फूललोढी' मा निस्केका नवयौवना मिथिलानी साउने झरीमा रुझ्दै आपसी परिहासमा मस्त रहेको दृश्य अघाउँजी नहेरी कुनै बटुवा अघि बढ्न हतार गर्दैनन् । नवविाहिता मिथिलानीबीच आपसी हासपरिहास यस पर्वको विशिष्ट पक्ष रहेको महोत्तरीकै बर्दिवास नगरपालिका-२ का बासिन्दा कर्मकाण्ड र मिथिला संस्कृतिका ज्ञाता महेशकुमार झा बताउनुहुन्छ ।

पर्वमा नवविवाहिता मिथिलानी आफ्ना सखीहरूबीच भर्खरै शुरु भएको दाम्पत्य जीवनका कौतुहलता, पतिले देखाउने वास्ता र रतिरागसम्मका अनुभव साटासाट हुन्छन् । "बेहुली भएर पति घर गएदेखि मधुश्रावणी मनाउन माइत आएबीचका अन्तरङ्ग अनुभव बर्तालुले सुनाउँदा विवाह योग्य उमेर पुगेकी सखीको कौतुहलताको मापन के होला ?" मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार एवं पूर्वप्रशासक जलेश्वर नगरपालिकाको बखरी बस्तीका ७५ वर्षीय महेश्वर राय भन्नुहुन्छ, "यो कुराको अनुमानले मात्र पनि जो कसैलाई रोमाञ्चित बनाउँछ ।"

पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब साझा भइसकेको छ । पतिघरबाट आएका सामग्री प्रयोग गरेर माइतमा मनाइने यो पर्व मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग नै बनेको मिथिलानी बताउँछन् । पर्वमा शिव, पार्वती (मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ) र विषहराको पूजाआराधना गरेपछि बर्तालुलाई ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन् । यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरी, बिहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थन र सतीको कथा हुने गरेका अहिले पर्व मनाउन माइत आएकी भङ्गाहा नगरपालिका-४ रामनगरकी पुनिता साह सोनार बताउनुहुन्छ ।

पर्वमा आफ्नो स्खलित भएको वीर्य भगवान् शङ्करले पातमा राखेका र त्यही वीर्यबाट पाँच नाग कन्याको जन्म भएको कथा प्रचलित छ । कुनै तलाउमा जलक्रिडाका बेला जन्मेका यी छोरी भेट्न शिव जाने गरेका र यो वृतान्त थाहा नपाएकी पार्वतीलाई पतिप्रति शङ्का बढेपछि पिछा गरेकी कथा छ । एक दिन छोरीहरूसँग खेलिरहेका पतिलाई देखेर क्रोधित भएकी पार्वतीलाई शिवले सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसङ्ग छ । पार्वतीलाई खुशी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनीको पूजा गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान शुरु भएको लौकिक जनविश्वास छ । देवी गौरी दाम्पत्य जीवन सुखद बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएकीले उनको पूजाअर्चना नवविवाहिताले यसै अभीष्टका लागि शुरु गरेका मिथिला लोक संस्कृतिका जानकार महोत्तरीकै बलवा नगरपालिका-१० धमौराका कामेश्वर झा बताउनुहुन्छ ।

पर्वको मुख्य पक्ष नै नारी जीवनमा पतिप्रतिको स्नेह र सम्बन्ध प्रगाढ बनाउन केन्द्रित रहेकाले यससँग जोडिएर आउने ठटचौली र हासपरिहासले पर्वको महत्ता उज्यालिएको पाका मिथिलानी बताउँछन् । प्राचीन वैदिक ग्रन्थ शिव पुराणमा कुष्ठरोग भएका आफ्ना पतिलाई ठिक गराउन मधुश्रावणी नाउँकी नवविवाहितालाई शिवले यो व्रत गर्न लगाएको प्रसङ्ग छ । शिवको आज्ञाअनुसार मधुश्रावणीका पति ठिक भएपछि पति कल्याण र आपसी सम्बन्ध प्रगाढताको कामना राखिने यो पर्व परम्परा चलेको विश्वास गरिन्छ ।

बर्तालुले साउन कृष्ण चौथी (चतुर्थी) का दिन पवित्र स्नान गरेर चोखोनितो बनेपछि व्रत सङ्कल्प गर्दछन् । व्रत अवधिभरि मन पवित्र बनाएर सात्विक भोजन गर्नुपर्ने विधान छ । सधैँ दिउँसोपछि सूर्यास्त हुनपूर्व सखीसहेलीका साथ हाँस्दै, खिल्लिँदै र प्रणयभावका गीत गाउँदै 'फूललोढी'मा निस्कनु र सङ्कलन गरिएका बेलपत्र र विभिन्न जातका फूल राति बासी राखेर भोलिपल्ट त्यसैले शिव, पार्वती र विषहराको पूजा आराधना गरेर कथा श्रवण गर्नु पर्वअवधिको मुख्य तालिका हो । बर्तालुले सधैँ बिहान पवित्र स्नान गरेर पूजाआराधना गरेर कथा श्रवण गरेपछि सात्विक भोजन गर्ने गर्छन् । पर्वमा अटल सौभाग्यकी देवी मानिने गौरीको पूजाआराधनाका लागि छुट्टै नैवेद्य बनाउने चलन पनि छ ।

माइतमै बसेर मनाइने भए पनि पर्वमा नवविवाहिताका लागि व्रतअवधिको खाद्यान्न, वस्त्रपरिधान, बर्तालुका शृङ्गार प्रशाधन, पूजा सामग्री र अन्य पर्वविशेषका आवश्यक वस्तु पतिघरबाटै पुऱ्याइनुपर्ने चलन छ । माइतीघरको आँगन वा अन्य सुरक्षित ठाउँमा बनाइएको खास मण्डप (अरिपन)मा बसेर त्यहीँ देवता स्थापित गरेर यो पर्व मनाइन्छ । कूल देवताको स्मरण गरेर शुरु गरिएको पूजाआराधनामा प्रत्येक दिनको पूजापछि माइती घरका ज्येष्ठ सदस्यबाट बर्तालुले आशीर्वाद लिने गर्छन् ।

पर्व १३औँ दिन समापन गरिन्छ । समापन भएपछि दिनहुँ पूजा गरिएका बेलपत्र र फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गरिने चलन छ । यसअघि १२ औं दिन साँझ पूजाअर्चनापछि बर्तालुलाई 'टेमी' दिने गरिन्छ । दियोमा बालिने बत्तीको लप्कोले बर्तालुको देब्रे गोडाको घुँडामा डाम्ने विधिलाई 'टेमी' भन्ने गरिएको हो । 'टेमी' दिइएको ठाउँमा फोका उठे पति पत्नीबीच प्रेमसम्बन्ध अत्यन्त गाढा हुने मानिन्छ । पछिल्लो कालमा भने नयाँ पुस्ताका मिथिलानीले 'टेमी' प्रचलनलाई परिष्कृत गरिनुपर्ने आवश्यकता औँल्याएका छन् । पर्वमा बर्तालुलाई बलेको बत्तीको लप्काले डाम्न सट्टा शीतल चन्दनको लेप उपयुक्त हुने नयाँ पिढीका मिथिलानीको भनाइ छ । पछिल्ला केही वर्षयता यो चलनमा आउन थालेको मिथिलानीले बताएका छन् ।

विधिमा केही परिष्कारको कुरा उठेका र समयक्रममा ती स्थापित हुने मैथिल बुद्धिजीवी बताउँछन् । पर्वको अभीष्ट नै प्रेम सम्बन्धको प्रगाढता भएकाले यसले मैथिल संस्कृति पारिवारिक सद्भाव वृद्धिमा सचेत रहेको सन्देश नै प्रवाह भएको कुरामा मैथिल एकमत देखिन्छन् ।

# 'सङ्घीय निजामती सेवा विधेयक' पारित गर्न माग

काठमाडौँ, १३ साउन (रासस) ।

राष्ट्रियसभाका सांसदले 'सङ्घीय निजामति सेवा विधेयक' जतिसक्दो चाँडो संसद्बाट पारित गरी जनतालाई सुशासनको अनुभूति दिन माग गर्नुभएको छ ।

राष्ट्रियसभाको बुधबारको बैठकको विशेष समयमा सांसद उदया शर्मा पौडेले भन्नुभयो, "स्थायी सरकार निजामति सेवालाई मनोमानी चलाउनु भनेको पारदर्शीता नहुनु हो, त्यसैले जतिसक्दो चाँडो राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउन र सुशासनको प्रत्याभूति गराउन विधेयक अगाडि बढाउन आग्रह गर्दछु ।"

सांसद प्रकाश पन्थले संविधानमा व्यवस्था भएको समावेशी समानुपातिक व्यवस्थालाई कार्यान्वयन गर्नुपर्ने माग गर्नुभयो । उहाँले अब गठन हुने मन्त्रिपरिषद्लाई समावेशी बनाउन पनि अनुरोध गर्नुभयो ।

वर्तमान सरकारसँग जनताको आशा र भरोसा भएको उहाँको भनाइ छ । सांसद देवेन्द्र दाहालले सरकारले भ्रष्टाचारीलाई संरक्षण गर्न नहुनेमा जोड दिनुभयो । उहाँले सरकार बाढीपहिरो र विपत्तिमा परेका जनताका सवाल केन्द्रित हुन नसकेको दोष लगाउनुभयो ।

सांसद रामनारायण विडारीले सर्वोच्च अदालतको परमादेशबारे राजनीतिक दलका नेताले गरेको टिप्पणीले संवैधानिक नैतिकतामाथि विवाद सिर्जना भएको टिप्पणी गर्नुभयो ।

सांसद दिलकुमारी रावलले नागरिकतासम्बन्धी विधेयकलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले निर्वाचन कानूनलाई समयअनुसार परिमार्जन गर्नुपर्ने मागसमेत गर्नुभयो ।

सांसद गङ्गाकुमारी बेल्वासेले निजामति कर्मचारी सेवा विधेयकलाई छिटो ल्याउनुपर्ने र आयोगमार्फत सुकुम्बासीका समस्या समाधान गर्नुपर्ने बताउनुभयो ।

उहाँले विगतका सरकारले गरेका राम्रा कामलाई अगाडि बढाउन सरकारसँग आग्रह गुर्नभयो । सांसद इन्द्रिरादेवी गौतमले राजनीतिक स्वार्थका लागि सुकुम्बासी आयोग खारेज गर्न नहुने बताउनुभयो ।

सांसद जीतेन्द्रनारायण देव, शान्तिकुमारी अधिकारी, चक्रप्रसाद स्नेही, खिमलाल देवकोटाले मुलुकको समसामयिक विषयलाई उठाउनुभएको थियो ।

# स्वास्थ्य मापदण्ड पालनासहित परीक्षा सञ्चालन गर्न निर्देशन

काठमाडौँ, १३ साउन (रासस)।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले कक्षा १२ को परीक्षा जनस्वास्थ्यका मापदण्ड प्रयोग गरेर मात्र सञ्चालन गर्न निर्देशन दिएको छ।

समितिको बुधबार बसेको बैठकले 'कोभिड-१९ को सङ्क्रमणका बीचमा कक्षा १२ लगायत अन्य परीक्षा सञ्चालन र स्वास्थ्य मापदण्ड' विषयक छलफलमा जनस्वास्थ्यका मापदण्ड पूरा गरेर मात्र परीक्षा सञ्चालन गर्न निर्देशन दिएको हो।

समिति सभापति जयपुरी घर्तीले परीक्षा केन्द्रमा चिकित्सक, नर्स र औषधिको व्यवस्था गरेर मात्र परीक्षा सञ्चालन गर्न निर्देशन दिनुभयो। "परीक्षार्थीलाई महामारीबाट जोगाउन जनस्वास्थ्यमा मापदण्ड लागू गरी परीक्षा सञ्चालन गर्नुपर्दछ", उहाँले भन्नुभयो, "सङ्क्रमितलाई छुट्टै कक्षा कोठा व्यवस्था गरिनुपर्दछ।"

राष्ट्रिय परीक्षा बोर्डले यही साउन ३१ गतेदेखि कक्षा १२ को परीक्षा भौतिक उपस्थितिमा सञ्चालन गर्न भएको छ। चार लाख परीक्षार्थीले चार हजार ३३५ परीक्षा केन्द्रबाट करीब ९० विषयको परीक्षा दिँदैछन्।

समिति सदस्य गिरिराजमणि पोखरेलले भौतिक उपस्थितिमा परीक्षा सञ्चालनका लागि शिक्षक र विद्यार्थीलाई खोप उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो। उहाँले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा विद्यालयले आफैँ आन्तरिक मूल्याङ्कन गरेर पठाउने क्रममा अनियमितता गरेकाले कार्यविधि परिवर्तन गरिनुपर्नेमा सुझाव दिनुभयो।

सदस्य विद्या भट्टराईले विद्यार्थीलाई भीडभाड नगरीकन परीक्षा दिनपाउने वातावरण बनाउनुपर्ने आवश्यकता औल्याउनुभयो। उहाँले परीक्षा केन्द्रित पढाइ भएकाले पठनपाठन शैलीमा परिवर्तन गर्नुपर्ने धारणा पनि व्यक्त गर्नुभयो।सदस्य मानबहादुर विकले एकै दिन एउटा मात्र परीक्षा गर्ने गरी तालिका बनाउन आग्रह गर्नुभयो। अर्का सदस्य मनकुमारी जिसी, अन्जना विशङ्खेलगायतले पनि विद्यार्थीलाई सङ्क्रमणबाट बचाउन सकिने गरी परीक्षा सञ्चालन गर्न सुझाव दिनुभयो।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले समितिले दिएको सुझावअनुसार परीक्षा सञ्चालन गरिने बताउनुभयो। उहाँले 'भर्चुअल' विधिबाट पढाइ भए पनि दुर्गम क्षेत्रमा इन्टरनेटको समस्याका कारण प्रभावकारी हुन नसकेको बताउनुभयो।

**सङ्क्रमित विद्यार्थीले पछि परीक्षा दिन पाउने**

राष्ट्रिय परीक्षा बोर्डका सदस्यसचिव दुर्गाप्रसाद अर्यालले विद्यार्थीलाई सङ्क्रमणबाट जोगाउन छुट्टै होमसेन्टरको व्यवस्था गरिएको र अहिलेको परीक्षामा सहभागी हुन नसकेका सङ्क्रमित विद्यार्थीले पछि पनि परीक्षा दिने पाउने जानकारी दिनुभयो। "सङ्क्रमित भएर पनि परीक्षामा सहभागी हुनसक्ने परीक्षार्थीलाई अलग्गै कक्षा कोठाको व्यवस्था गरेका छौँ", उहाँले भन्नुभयो, "ती विद्यार्थी परीक्षा शुरु भएको आधा घण्टापछि परीक्षा केन्द्रमा प्रवेश गर्नेछन्। अन्य विद्यार्थीको सकिएको आधा घण्टाको समयसम्म परीक्षा दिन पाउनेछन्।"

बोर्डले २०० भन्दा बढी विद्यार्थी भएका विद्यालयको परीक्षा केन्द्र दुईवटा हुने जनाएको छ।

सदस्यसचिव अर्यालका अनुसार करीब चार लाख विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी हुँदैछ। पच्चिस विद्यार्थी भएका विद्यालय एक हजार १००, २६ देखि ५० परीक्षार्थी भएका विद्यालय दुई हजार ३००, ५१ देखि १०० सम्म परीक्षार्थी भएका विद्यालय दुई हजार ४०० छन् भने ५०० परीक्षार्थी भएका विद्यालय कमै मात्र छन्।

**प्रश्नपत्र अनलाइन र हातेप्रश्नपत्र**

परीक्षा बोर्डले परीक्षाका लागि अनलाइनबाट पनि प्रश्नपत्र पठाउने भएको छ। नब्बे प्रतिशत विद्यालयमा अनलाइनबाट र अन्य विद्यालयमा हाते प्रश्नपत्र पठाइने भएको छ। हाते प्रश्नपत्र र अनलाइनबाट पठाइएका प्रश्नपत्र भने फरक-फरक हुनेछन्। गत वर्ष ४० पूर्णाङ्कको मात्र परीक्षा भएकामा यसपटक १०० पूर्णाङ्कको परीक्षा हुने भएको छ।




# फाइभजी कार्यविधि पारित

काठमाडौँ, १३ साउन (रासस)।

दूरसञ्चार क्षेत्रको नियामक निकायका रूपमा रहेको नेपाल दूरसञ्चार प्राधिकरणले फाइभजी प्रयोग गर्न पाउने प्रावधानसहित कार्यविधि पारित गरेको छ।

केही दिनअगाडि बसेको प्राधिकरण बोर्डले फाइभजीलगायत नयाँ प्रविधिको परीक्षणसम्बन्धी कार्यविधि, २०७८ पारित गरेको हो। कार्यविधि पारित भएसँगै नेपालमा फाइजी सञ्चालनको बाटो खुलेको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले फाइभजी परीक्षणका लागि कार्यविधि तयार भएको बताउनुभयो। उहाँका अनुसार उक्त कार्यविधि तयार भएसँगै अब सबै सेवा प्रदायकले परीक्षणका लागि आवेदन दिन सक्नेछन्।

कार्यविधिअनुसार फाइभजी तथा सम्भावित नयाँ प्रविधि परीक्षण गर्न चाहने सेवा प्रदायकले अब परीक्षण मोडालिटी, नयाँ प्रविधिबारे जानकारी, परीक्षण गरिने स्थान, उपलब्ध गराउने सेवा तथा प्रक्रिया, परीक्षणका लागि आवश्यक फ्रिक्वेन्सी विवरण, नेवटर्क जडान तथा सञ्चालनको

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### चौथो वेभ आएको दक्षिण कोरियामा कोरोनाका सङ्क्रमित बढ्दै

सोल, १३ साउन (रासस/सिन्ह्वा)।

कोरोना भाइरस कोभिड-१९ को चौथो वेभ आइरहेको भनिएको दक्षिण कोरियामा कोभिड-१९ का सङ्क्रमित दिन प्रतिदिन बढ्दै गएको पाइएको छ।

यहाँ सङ्क्रमितको संख्या बढेर हरेक दिन नयाँ नयाँ रेकर्डमा पुगेको देखिएको छ। यहाँ गएको २४ घन्टामा पनि अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भेटिएका बताइएको छ।

यहाँका अधिकारीले मंगलबार यहाँ एक हजार ८९६ जना कोरोना भाइरसका सङ्क्रमित पाइएको बताएका समाचारमा जनाइएको छ।

यो संख्या कोरियामा एकै दिनमा देखिएको अहिलेसम्मकै सबैभन्दा धेरै हो। दक्षिण कोरियाका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टायताको तथ्याङ्क हेर्दा कोभिड-१९ का सङ्क्रमित एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै संख्यामा भेटिएका छन्।

दक्षिण कोरियाको राजधानी सोलबाट प्राप्त समाचारअनुसार यहाँ पछिल्लो थपिएका यी संख्यासँगै सङ्क्रमितको संख्या एक लाख ९३ हजारभन्दा बढी पुगेको छ।

यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टा यतामात्र यतिधेरै सङ्क्रमित थपिएका हुन्।

दक्षिण कोरियाका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको छ महिनापछि एकै पटक यतिधेरै संख्याका सङ्क्रमित पहिलो पटक देखिएका हुन्।

यहाँका अधिकारीले दक्षिण कोरिया कोभिड सङ्क्रमणको चौथो वेभमा प्रवेश गरेको दुई हप्ता अघि नै बताएका थिए। जसका कारण यहाँको सरकारले स्वास्थ्य मापदण्ड अपनाउने काममा कडाई गरेको छ।

अधिकारीले यही जुलाई १ देखि देशैभर देखिएको सङ्क्रमितको संख्या देशव्यापी तथ्याङ्कको हिसाब गर्दा अघिल्ला महिनाको तुलनामा हाल त्यहाँ सङ्क्रमित कम्तीमा पनि ५८ प्रतिशत बढेका छन्।

कोरिया सरकारले यहाँ कोरोना विरुद्धको खोपको अभियानलाई व्यापक बनाइएको जनाएको छ। पछिल्लो समयमा सङ्क्रमितको संख्या बढ्दै गएपछि खोप अभियानलाई झन् तीव्र बनाइएको छ।

### भारतमा थप ४३ हजार ६५४ जना कोरोना भाइरस सङ्क्रमित

नयाँ दिल्ली, १३ साउन (रासस/एएनआई)।

भारतमा पछिल्लो २४ घण्टामा थप ४३ हजार ६५४ जनामा कोरोना सङ्क्रमण भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ। यहाँ दैनिक कोरोना भाइरस सङ्क्रमितको संख्या सोमबारको तुलनामा मङ्गलबार बढेको सो मन्त्रालयले जानकारी दिएको छ। सोमबार २९ हजार ६८९ जनामा कोरोना सङ्क्रमण देखा परेको थियो।

हाल भारतमा तीन लाख ९९ हजार ४३६ जना सक्रिय सङ्क्रमित रहेका समाचारमा जनाइएको छ। गत २४ घण्टाको अवधीमा भारतमा कोरोना सङ्क्रमणको कारण ६४० जनाको मृत्यु भएको छ। यसैसँगै यहाँ कोरोना शुरुभएदेखि हालसम्म कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या चार लाख २२ हजार २२ पुगेको पनि स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ।

गत २४ घण्टामा यहाँ ४१ हजार ६७८ जना व्यक्ति कोरोना मुक्त भएपछि कुल तीन करोड छ लाख ६३ हजार १४७ व्यक्ति कोरोना भाइरस मुक्त भएका छन्। सङ्क्रमण मुक्त भएकाको यो सङ्ख्या ९७.३९ प्रतिशत हो।

स्वास्थ्य मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म कोरोना भाइरसविरुद्ध ४४ करोड ६१ लाख ५६ हजारभन्दा बढी डोज खोप लगाइएको छ। त्यसैगरी देशभरी अहिलेसम्म ४६ करोड नौ लाख व्यक्तिको कोभिड-१९ परीक्षण गरिएको पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### चीनको हेनान प्रान्तमा बाढी ७३ व्यक्तिको मृत्यु

झेङ्झाओ, चीन, १३ साउन (रासस/एएनआइ)।

मध्य चीनको हेनान प्रान्तमा व्यापक वर्षापछिको बाढी तथा डुबानका कारण बुधबार मध्याह्नसम्म कम्तीमा ७३ व्यक्तिको मृत्यु भएको प्रान्तीय सङ्टकालीन व्यवस्थापन विभागले जनाएको छ।

गत जुलाई १६ बाट शुरु भएको यस व्यापक वर्षाको कारण १५० ओटा जिल्लाको एक करोड ३६ लाख व्यक्ति प्रभावित भएका बताइएको छ। व्यापक वर्षापछिको बाढीको कारण १४ लाख ७० हजार व्यक्तिलाई बाढी प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको पनि समाचारमा जनाइएको छ।

पिपुल्स लिबरेशन आर्मी (पीएलए) केन्द्रीय थिएटर कमान्डले हजारौंको संख्यामा सैनिक, सशस्त्र प्रहरीलाई बाढीमा फसेको मानिसलाई सुरक्षितरुपमा उद्धारको गर्नको पठाएको छ।

झेङ्झाओको मौसम विभागले यस वर्षाको स्तरलाई एक हजार वर्षपछि आएको विपत्ति भनी वर्णन गरेको छ। हेनान प्रान्तभरी राहत वितरण र पुन:निर्माणको प्रयास भइरहेको जनाइएको छ।

# सिरहामा एक हजार ९ सय १३ नयाँ उद्योग दर्ता

लहान, १३ साउन (रासस) ।

सिरहामा आर्थिक वर्ष २०७७/७८ मा एक हजार ९१३ नयाँ उद्योग दर्ता भएका छन् । नयाँ दर्ता भएका एक हजार ९१३ मध्ये सबैभन्दा बढी कृषि तथा वन्यजन्यतर्फ एक हजार १२२, सेवा उद्योगतर्फ ६०५ र उत्पादन उद्योगतर्फ १८६ रहेको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ ।

कृषि तथा वनजन्यतर्फ पशु, माछा तथा कृषि उद्योग एक हजार १८, पशुपालनका ५४ तथा कुखुरा पालनका १७ नयाँ उद्योग दर्ता भएका छन् । सेवा उद्योगतर्फ कुटानी पिसानीका ११५, होटेल ११०, निर्माणका ९४, मोटरसाइकल मर्मतका ४५ र ढुवानीका ३५ उद्योग दर्त्ता भएका छन् । यो सङ्ख्या गत आव २०७६/७७ को भन्दा बढी हो ।

आव ०७६/७७ मा सेवा उद्योगतर्फ ५३०, कृषि तथा वन्यजन्यतर्फ ४९० र उत्पादन उद्योगतर्फ १२७ गरी एक हजार १४७ नयाँ उद्योग दर्ता भएका थिए । योसँगै सिरहामा उत्पादन उद्योग एक हजार ६१२, कृषि तथा वनजन्य उद्योग दुई हजार ७७० र सेवा उद्योग चार हजार २३८ गरी घरेलु तथा साना उद्योगको सङ्ख्या आठ हजार ४७० पुगेको कार्यालयका प्रमुख दीपेन्द्रकुमार यादवले जानकारी दिनुभयो । नयाँ उद्योग दर्ताबाट रु एक करोड ८६ लाख ६६ हजार ३०० राजश्व सङ्कलन भएको जनाइएको छ ।

बैंक तथा वित्तीय संस्थाले घरेलु तथा साना उद्योगमा सहज रुपले ऋण लगानी गर्न थालेकाले कृषि तथा वनजन्य उद्योग खुल्ने क्रम बढ्देसँगै उद्योग दर्ता गराउनेको सङ्ख्या वृद्धि भएको प्रमुख यादवको भनाइ छ । यस्तै आव २०७७/७८ मा उद्योगतर्फ ६४ र वाणिज्यतर्फ १५५ घरेलु तथा साना उद्योगको लगत कट्टा गरिएको जनाइएको छ ।

# एसइई नतिजा साउन २५ गतेभित्र सार्वजनिक

भक्तपुर, १३ साउन (रासस) ।

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले माध्यमिक शिक्षा परीक्षा (एसइई) को आन्तरिक मूल्याङ्कनको नतिजा यही साउन २५ गतेभित्र सार्वजनिक गर्ने भएको छ ।

यही साउन २५ गतेभित्रमा २०७७ को एसइई नतिजा सार्वजनिक गर्ने गरी अहिले तीव्ररूपमा काम भइरहेको परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का परीक्षा नियन्त्रक रुद्र अधिकारीले बताउनुभयो ।

सबै जिल्लाबाट विद्यार्थीको मूल्याङ्कन नतिजा आएर इन्ट्री सकेर नम्बर रुजु गर्ने काम भइरहेको बताउँदै उहाँले कुनै प्राविधिक कठिनाई नआए आगामी शुक्रबारभित्र विद्यार्थीको नतिजा रुजु गरिसक्ने र त्यसको एक साताभित्रमा नतिजा सार्वजनिक गर्ने उहाँले बताउनुभयो । कार्यालयका अनुसार २०७७ सालको एसइई परीक्षाको लागि पाँच लाख १७ हजार विद्यार्थीले रजिष्ट्रेशन फारम भरेका थिए ।

दोस्रो लहरको कोभिड-१९ सङ्क्रमण बढ्दै गएपछि गरिएको निषेधाज्ञाका कारण गत वैशाख २७ गते एसइई परीक्षा स्थगित भएको थियो । गत जेठ १३ देखि भौतिकरूपमा एसइई परीक्षा सञ्चालन गर्ने गरी बोर्डले तालिका सार्वजनिक गरे पनि कोभिडकै कारण परीक्षा हुन नसकेपछि जेठ १७ गते बसेको मन्त्रिपरिषद् बैठकले आन्तरिक मूल्याङ्कनबाट नतिजा प्रकाशित गर्ने निर्णय गरेको थियो ।

बोर्डले एसइईको विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ जारी गर्दै सैद्धान्तिकतर्फ कुनै पनि विषयमा ८० प्रतिशत वा सोभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको विषगत शिक्षकले के कारण उक्त नम्बर दिइएको हो भनेर कारण खुलाउनुपर्ने जनाएको छ । कोभिडकै कारणले २०७६ सालको एसइई परीक्षाको नतिजा पनि आन्तरिक मूल्याङ्कनबाट प्रकाशित गरिएको थियो ।

## फाइभजी ...

समय तालिकासहितको कार्ययोजना निवेदन प्राधिकरणमा पेश गर्नुपर्नेछ ।

परीक्षणका लागि प्राधिकरणले अधिकतम १ वर्षका लागि निःशुल्क फ्रिक्वेन्सी उपलब्ध गराउने र सम्पन्न भएपछि पुनः फिर्ता लिनेछ । सेवाप्रदायकले पनि परीक्षणकालभरि सेवाग्राहीबाट कुनै शुल्क उठाउन पाउनेछैन । यस्ता प्रविधि परीक्षण गर्दा सेवा प्रदायकले ग्रामीण र शहरी दुवै क्षेत्र समेट्नु पर्नेछ । स्वीकृति लिई परीक्षण शुरु गर्दा आवश्यक पर्ने हार्डवेयर तथा सफ्टवेयर आयात तथा जडान कार्य सम्पन्न गरी प्राधिकरणलाई अनिवार्य जानकारी गराउनुपर्नेछ ।

स्वीकृत भएको तीन महिनासम्म पनि आवश्यक उपकरण आयात तथा जडानसम्बन्धी कार्यमा प्रगति नदेखिएमा प्राधिकरणले रद्द गर्ने कार्यविधिमा उल्लेख छ ।

परीक्षणकालमा प्रयोग भएका उपकरणलाई सेवाप्रदायकले प्राधिकरणको अनुमति लिएर फोरजीका लागि पुनः प्रयोग गर्नसक्नेछ । प्रयोग नभएको खण्डमा प्राधिकरणकै रोहोवरमा त्यसलाई सिल गरेर राख्नु वा सम्बन्धित बिक्रेतालाई फिर्ता दिई नियामकलाई जानकारी गराउनुपर्नेछ ।

यसअघि नेपाल टेलिकमले फाइभजी परीक्षणका लागि प्राधिकरणमा आफ्नो कार्ययोजना प्रस्तुत गरिसकेको छ । फाइभजीका लागि आवश्यक फ्रिक्वेन्सी निर्धारण नभएकाले टेलिकमले फाइभजीको परीक्षण गर्न पाएको छैन । गत फागुनमा प्राधिकरणले नेपालमा फाइभजीको फ्रिक्वेन्सी निर्धारण गरेको थियो । प्राधिकरणअन्तर्गत रहेको राष्ट्रिय फ्रिक्वेन्सी व्यवस्थापन फोरमले पहिचान गरेको फ्रिक्वेन्सी बोर्डले स्वीकृत गरेसँगै फाइभजी सेवा विस्तारको बाटो खुलेको थियो ।

प्राधिकरणले निर्धारण गरेको फाइभजीको फ्रिक्वेन्सी स्वीकृतिका लागि रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिमा प्रस्ताव पेश गरिएको थियो तर उक्त समितिले स्वीकृत गरिसकेको छैन ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।


यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*